नेपाल सरकार

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

# नवीकरणीय ऊर्जा अनुदान नीति, २०६९

फाल्गुन २०६९

## १. पृष्ठभूमि

नेपालमा नवीकरणीय ऊर्जाको राम्रो सम्भावना रहेको छ । नवीकरणीय ऊर्जाका मुख्य स्रोतहरुमा लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, जैविक ऊर्जाका विभिन्न स्रोतहरु, वायोग्यास, वायु ऊर्जा आदि रहेका छन । देशमा नवीकरणीय ऊर्जाको प्रशस्त सम्भावना भए पनि कूल ऊर्जा खपतको करिव ८५ प्रतिशत परम्परागत जैविक ऊर्जाबाट पूर्ति भइरहेको छ भने, करिव ५६ प्रतिशत जनसंख्यालाई विद्युतको पहुँच पुगेको छ । अझै पनि अधिकांश जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गरिरहेका र गरिवीको रेखामुनी रहेका छन् । यदि ग्रामीण गरिव जनताको स्वच्छ ऊर्जाको मागलाई पूरा नगर्ने हो भने उनीहरुको जिवनस्तर उल्लेखनिय रुपमा सुधार गर्न सम्भव देखिदैन । भौगोलिक जटिलता, उच्च लागत र देशमा विद्यमान ऊर्जा संकट भएको कारणले गर्दा आगामी धेरै बर्षसम्म पनि त्यस्ता दुर्गम तथा अतिदुर्गम ठाउँहरुमा राष्ट्रिय प्रसारण लाइन पुऱ्याउन सम्भव देखिदैन । त्यसकारण यसको समाधानको लागि नवीकरणीय ऊर्जा प्रविधि जस्ता स्वच्छ र दिगो ऊर्जाको अधिकतम प्रवर्द्धन गर्नुपर्ने देखिन्छ ।

## २. बिगतको प्रयास

नेपाल सरकारले विभिन्न दातृनिकायहरु र निजी क्षेत्रको सहयोगमा बिगत दुई दशक देखि नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धन तथा विकासको लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्दै आइरहेको छ । यस प्रकारको प्रयासबाट देशमा नवीकरणीय ऊर्जा क्षेत्रको विकासमा भएका उपलब्धीहरु फलदायी भएका छन् ।

## ३. विद्यमान अवस्था

नवीकरणीय ऊर्जा स्रोतबाट हालसम्म देशका करिव १२ प्रतिशत जनसंख्यालाई विद्युतको पहुँच पुगेको छ । हालसम्म लघु जलविद्युत आयोजनाबाट करिव २३ मेगावाट विद्युत, सौर्य ऊर्जाबाट करिव १२ मेगावाट विद्युत र वायु ऊर्जाबाट करिव २० किलोवाट विद्युत उत्पादन भएको छ । त्यसैगरी, १५ लाख भन्दा बढी घरपरिवारहरु नवीकरणीय ऊर्जाका विभिन्न स्रोतहरुबाट खाना पकाउन, बत्ति वाल्न तथा उत्पादनशिल परिप्रयोगबाट लाभान्वित भएका छन् ।

नेपाल सरकार र विभिन्न दातृ निकायहरुले स्वच्छ नवीकरणीय ऊर्जाको पहुँचमा बृद्धि गर्न आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउदै आइरहे पनि अझै पनि दुर्गम ग्रामीण क्षेत्रमा बसोबास गरिरहेका गरिवीको **रेखामुनी रहेका** जनसंख्याको ठूलो हिस्सा नवीकरणीय ऊर्जा प्रविधिको शुरुको लागत धेरै भएको कारणले स्वच्छ ऊर्जाको पहुँचबाट बाहिर रहेका छन् ।

## ४. मुख्य समस्या तथा चुनौतिहरु

हाल देशभरी नवीकरणीय ऊर्जाका सेवाहरु समानुपातिक रुपमा वितरण भएका छैनन् । विगतको अनुदान नीतिले विशेषगरी देशका सुगम क्षेत्र नजिकका क्षेत्रहरुमा नवीकरणीय ऊर्जा प्रणाली जडान गर्न घरपरिवार तथा समुदाय परिचालन गर्न सफल भएको छ । तैपनि नवीकरणीय ऊर्जा प्रविधिको शुरुको लागत उच्च, न्यून आय भएका घरपरिवारहरुको संख्या धेरै र स्थानीय स्तरमा नवीकरणीय ऊर्जा सेवा पुऱ्याउन संलग्न संस्थाहरुको क्षमता न्यून भएका कारणले गर्दा दुर्गम तथा अति दुर्गम क्षेत्रहरुमा बसोबास गर्ने घरपरिवारहरु त्यस्ता ऊर्जा सेवाबाट बञ्चित हुनु परिरहेको छ ।

## ५. नयाँ नीतिको आवश्यकता

देशको बढी दुर्गम क्षेत्रहरुमा सबैभन्दा गरिव र सामाजिक रुपमा पछाडी परेका जनताहरुलाई नवीकरणीय ऊर्जाको पहुँचमा पुऱ्याउन विद्यमान अनुदान नीतिमा सुधार गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ । यसको साथै यो अनुदान नीतिले निजी क्षेत्रलाई नवीकरणीय ऊर्जाको व्यवसायीकरण, गुणस्तरीयता र ग्रामीण क्षेत्रमा सेवा प्रवाह गर्न प्रोत्साहन गर्नेछ ।

विद्यमान अनुदान नीति गरीवलाई सम्बोधन गर्ने तथा समावेशीकरण छैन् । यस नीतिले अनुदान र कर्जालाई जोडने र दीर्घकालिन रुपमा अनुदानलाई कर्जाले प्रतिस्थापना गर्ने हुनु पर्दछ । विद्यमान अनुदान नीतिलाई समावेशीकरण तथा प्रभावकारी बनाई अनुदानले प्रविधिको प्रवर्द्धन गर्ने, शुरुको उच्च लागत कम गर्ने जसले गर्दा न्यून आय भएका घरपरिवारहरुले समेत प्रविधि खरिद गर्न सक्ने बनाउन यो नवीकरणीय ऊर्जा अनुदान नीति २०६९ को तर्जुमा गरिएको छ ।

## ६. दीर्घकालिन लक्ष्य

देशमा नवीकरणीय ऊर्जा सम्बन्धी उद्योगहरुको विकास र निजी क्षेत्रलाई ठूला क्षमताका आयोजनाहरुमा लगानी गर्न आकर्षित गर्नुको अतिरिक्त नवीकरणीय ऊर्जा प्रविधिका सेवाहरु घरपरिवार तथा समुदायमा गुणस्तर बनाई ग्रामीण क्षेत्रहरुमा लघु, साना तथा मध्यम खालका व्यवसायको विकास गर्ने, सवै समुदायका महिला तथा पुरुषलाई लाभ पुऱ्याई अझ बढी समानुपातिक आर्थिक बृद्धि हासिल गर्ने ।

## ७. उद्देश्यहरु

अनुदान नीतिका उद्देश्यहरु यस प्रकार रहेका छन ।

७.१ नवीकरणीय ऊर्जा प्रविधिको शुरुको उच्च लागतलाई घटाएर न्यून आय भएका घरपरिवारलाई यसको पहुँचमा बृद्धि गर्ने ।

७.२ ग्रामीण क्षेत्रमा नवीकरणीय ऊर्जा स्रोत तथा प्रविधिको प्रयोगमा यसको अधिकतम कार्यदक्षता वढाउने तथा सेवा प्रवाह गर्ने र ग्रामीण घरपरिवारहरु, गरीव र सामाजिक रुपमा पछाडी परेकालाई नवीकरणीय ऊर्जा प्रयोग गर्न र क्षेत्रिय असमानतालाई कम गर्न अवसर प्रदान गर्ने ।

७.३ ऊर्जाको उत्पादनमूलक परिप्रयोगमा सहयोग गरी ग्रामीण क्षेत्रमा विशेषगरी महिला, गरिव, सामाजिक रुपमा पछाडी परेका र जोखिममा रहेका समुदायमा नवीकरणीय ऊर्जाको पहुँचमा वृद्धि गरी उनीहरुको जिविकोपार्जनमा सुधार तथा रोजगारी सृजना गर्ने ।

७.४ ग्रामीण विद्युतीकरणमा सहयोग गर्ने र ग्रामीण क्षेत्र तथा शहरी क्षेत्र बीच विद्युतको आपूर्ति र खपतमा देखिएको बढदो अन्तरलाई क्रमशः घटाउने ।

७.५ निजी उद्यमी तथा लगानीकर्तालाई आकर्षित गरी नवीकरणीय ऊर्जा प्रविधिको बजार विकास तथा विस्तारमा सहयोग पुऱ्याउने ।

७.६ ग्रामीण विद्युतीकरण तथा स्वच्छ ऊर्जा सेवा उपलब्ध गराउन नेपाल सरकारको दीर्घकालिन लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने ।

७.७ नवीकरणीय ऊर्जा सेवाको प्रयोगबाट जनस्वास्थ्य तथा शिक्षामा सुधार गर्न ग्रामीण घरपरिवारलाई प्रोत्साहन गर्ने ।

७.८ अनुदानलाई क्रमशः सरल कर्जाले प्रतिस्थापना गरी नवीकरणीय ऊर्जा प्रविधिलाई व्यवसायिकरण गर्ने ।

## ८. अनुदानको किसिम र स्तर

यस अनुदान नीतिमा "क" वर्गका गाउँ विकास समिति, "ख" वर्गका गाउँ विकास समिति र "ग" वर्गका गाउँ विकास समिति (यसपछि "क" वर्गका गाविस, "ख" वर्गका गाविस र "ग" वर्गका गाविस भनिने) भन्नाले नेपाल सरकारले तोके बमोजिम अनुसूची–१ मा उल्लेखित क्रमशः अति दुर्गम गाविस, दुर्गम गाविस र सुगम गाविस भन्ने बुझ्नाउँछ । नेपाल सरकारले गाविसको हेरफेर गरेमा सोहि अनुसार हुनेछ । अनुदान रकमको दर निर्धारण गर्दा समग्रमा अनुदानले नवीकरणीय ऊर्जा प्रणालीको कूल लागत वा मूल्यको **करिव ४० प्रतिशत, वित्तिय संस्थावाट उपलव्ध गराइने सरल कर्जाले करिव ४० प्रतिशत र लक्षित घरधुरी वा समुदायले न्यूनतम २० प्रतिशत नगद रकम र श्रमदान** व्यहोर्ने आधारलाई लिइएको छ ।

## ८.१ साना तथा लघु जलविद्युत र सुधारिएको पानी घट्ट

१००० कि.वा. अथवा १ मेगावाट भन्दा कम क्षमताका साना तथा लघु जलविद्युत आयोजनाहरुमा खुद उत्पादित शक्ति तथा राष्ट्रिय प्रशारण लाइन नपुगेका तथा निकट भविष्यमा प्रसारण विद्युत लाइन सम्भावना नभएका क्षेत्रमा जडित घरधुरी संख्याको आधारमा अनुदान रकम उपलव्ध गराइनेछ । आयोजनालाई देहाय बमोजिम वर्गीकृत गरिएको छ ।

### ८.१.१ सामुदायिक/सहकारी स्वामित्वमा आधारित मिनी जलविद्युत

८.१.१.१ राष्ट्रिय प्रशारण लाइनको पहुँच भन्दा बाहिरको क्षेत्रमा निर्माण हुने सामुदायिक/सहकारी स्वामित्वमा आधारित १०० कि.वा.देखि १००० कि.वा. (अर्थात १ मेगावाट) सम्मका साना जलविद्युत आयोजनाहरुमा देहाय बमोजिम अनुदान रकम उपलव्ध गराइनेछ ।

| **अनुदान वर्गीकरण** | **अनुदान रकम (रु.मा)** | | |
|---|---|---|---|
| | "क" वर्गका गाविसहरु | "ख" वर्गका गाविसहरु | "ग" वर्गका गाविसहरु |
| अनुदान (प्रति घरधुरी) | २०,००० | १८,००० | १६,००० |
| अनुदान (प्रति उत्पादित कि.वा. | १२०,००० | १००,००० | ७०,००० |
| तर घरधुरी सहित प्रति उत्पादित किलोवाटको लागि अधिकतम अनुदान रकम "क", "ख" र "ग" वर्गका गाविसहरुमा क्रमशः रु.२२०,०००; रु. १९०,००० र रु. १७०,००० भन्दा बढी हुने छैन । | | | |

८.१.१.२. १०० कि.वा. देखि ५०० कि. वा. सम्मका साना जलविद्युत आयोजनाहरुको हकमा अनुदान रकम प्राप्त गर्नको लागि उत्पादित विद्युत कम्तीमा ५०० घरधुरीहरु वा प्रति कि.वा. न्यूनतम ५ घरपरिवारमा जडान हुनुपर्नेछ । त्यसैगरी ५०० कि.वा. देखि १००० कि.वा. सम्मका साना जलविद्युत आयोजनाहरुको सम्बन्धमा उत्पादित विद्युत कम्तीमा १००० घरधुरीहरु वा प्रति कि.वा. न्यूनतम ५ घरधुरीमा जडान हुनुपर्नेछ ।

### ८.१.२. ग्रिडलाइनमा जडान गरिने साना जलविद्युत

ग्रिडमा जोडिने १ मेगावाट सम्मका साना जलविद्युत आयोजनाको हकमा घरधुरी अनुदान रकम जडित घरधुरी संख्याको आधारमा उपलव्ध गराइनेछ । ग्रिडमा जडान गरिने साना जलविद्युत आयोजनाको घरधुरी अनुदान रकम प्रति घरधुरी रु. १५,००० उपलव्ध गराइनेछ ।

### ८.१.३. लघु जलविद्युत

१० किलोवाट देखि १०० किलोवाट सम्म क्षमताका लघु जलविद्युत आयोजनाको लागि उपलव्ध गराइने अनुदान रकम देहाय बमोजिम रहेको छ ।

| **अनुदान वर्गीकरण** | **अनुदान रकम (रु.मा)** | | |
|---|---|---|---|
| | "क" वर्गका गाविसहरु | "ख" वर्गका गाविसहरु | "ग"वर्गका गाविसहरु |
| अनुदान (प्रति घरधुरी) | २५,००० | २५,००० | २५,००० |
| अनुदान (प्रति उत्पादित कि.वा.) | १३०,००० | १००,००० | ७०,००० |
| तर घरधुरी सहित प्रति उत्पादित किलोवाटको लागि अधिकतम अनुदान रकम "क", "ख" र "ग" वर्गका गाविसहरुमा क्रमशः रु. २५५,०००; रु. २२५,००० र रु. १९५,००० भन्दा बढी हुनेछैन । लघु जलविद्युत आयोजनावाट उत्पादित विद्युत भविष्यमा उत्पादनमूलक परिप्रयोगमा प्रयोग हुन सक्ने सम्भावनालाई दृष्ट्रिगत गरी बढीमा प्रति ५ घरधुरीलाई थप १ कि.वा.को लागि मात्र माथि उल्लेखित प्रति कि.वा.को लागि दिइने अनुदान रकम दिन सकिनेछ । | | | |

### ८.१.४. १० किलोवाट भन्दा कम क्षमताको लघु जलविद्युत

१० किलोवाट भन्दा कम क्षमताका लघु जलविद्युत (जसलाई पिको हाइड्रो भनिन्छ) को लागि उपलव्ध गराइने अनुदान रकम देहाय बमोजिम हुनेछ ।

| **अनुदान वर्गीकरण** | **अनुदान रकम (रु.मा)** | | |
|---|---|---|---|
| | "क" वर्गका गाविसहरु | "ख" वर्गका गाविसहरु | "ग"वर्गका गाविसहरु |
| अनुदान (प्रति घरधुरी) | १५,००० | १५,००० | १५,००० |
| अनुदान (प्रति उत्पादित कि.वा.) | ९०,००० | ८०,००० | ६०,००० |
| तर प्रति उत्पादित किलोवाटको लागि अधिकतम अनुदान रकम "क", "ख" र "ग" वर्गका गाविसहरुमा क्रमशः रु. १६५,०००; रु. १५०,००० र रु. १३५,००० भन्दा बढी हुने छैन । | | | |

तर मठमन्दिर लगायतका धार्मिक स्थलहरु, सामुदायिक रेडियो र अस्पताल जस्ता संस्थागत तथा सामुदायिक उपयोगको लागि विद्युतीकरण गर्न माथि उल्लेखित तालिकामा प्रति किलोवाटलाई दिइने अनुदान रकम **मात्र** उपलव्ध गराइनेछ ।

### ८.१.५. क्षति भएका पुराना आयोजना पुनःस्थापना

दैवि प्रकोपद्वारा क्षति भएका साना तथा लघु जलविद्युत आयोजनाहरुको पुनस्थापनाको लागि अनुदान रकम उपलव्ध गराइनेछ । तर पुनःस्थापना अनुदान रकम क्षतिको प्रकृति हेरी भौतिक संरचनाहरुको सामान्य क्षतिको लागि प्रति किलोवाट रु. १०,००० वा प्रति आयोजनामा रु. २००,००० भन्दा बढी नहुने गरी तथा

विद्युत गृहका उपकरण लगायतको ठूलो क्षति तथा नेपाल सरकारको आर्थिक सहयोगमा निर्मित पुराना साना तथा लघु जलविद्युत आयोजनाहरुको लागि प्रति किलोवाट रु. ५०,००० वा प्रति आयोजनामा रु. १०,००,००० भन्दा बढी नहुने गरी अनुदान रकम उपलब्ध गराइनेछ ।

### ८.१.६. थप अुनदान

माथि उल्लेखित ग्रिडलाइनमा जडान गरिने साना जलविद्युत र क्षति भएका पूराना आयोजना पुनःस्थापना वाहेक अन्य लघु जलविद्युत आयोजनाहरुको हकमा एकल महिला, पिछडिएका वर्ग, विपत्ती पिडित, गरिव, द्वन्द्ववाट प्रभावित तथा सरकारले पहिचान गरेका लोपोन्मुख जनजाति आदिको लागि प्रति घरधुरी रु. २,५०० का दरले थप अनुदान रकम उपलब्ध गराइनेछ ।

### ८.१.७. सुधारिएको पानी घट्ट

८.१.७.१ यान्त्रिक शक्तिको उपयोगद्वारा कुटानी, पिसानी कार्यको लागि सुधारिएको पानी घट्टमा देहाय बमोजिम अनुदान रकम उपलब्ध गराइनेछ ।

| **अनुदान वर्गीकरण** | **अनुदान रकम (रु.मा)** | | |
|---|---|---|---|
| | "क" वर्गका गाविसहरु | "ख" वर्गका गाविसहरु | "ग" वर्गका गाविसहरु |
| पिसानीको लागि | २०,००० | १८,००० | १६,००० |
| कुटानी तथा पिसानी लागि | ४०,००० | ३८,००० | ३५,००० |

८.१.७.२ सुधारिएको पानी घट्टबाट बिजुली उत्पादन गरी गाउँघरमा विद्युतीकरण गर्ने भएमा त्यस्ता समुदायको स्वामित्व भएका सुधारिएको पानी घट्टमा देहाय बमोजिम अनुदान रकम उपलब्ध गराइनेछ ।

| **अनुदान वर्गीकरण** | **अनुदान रकम (रु.मा)** | | |
|---|---|---|---|
| | "क" वर्गका गाविसहरु | "ख" वर्गका गाविसहरु | "ग" वर्गका गाविसहरु |
| अनुदान (प्रति घरधुरी) | ८,००० | ७,००० | ६,००० |
| प्रति किलोवाट ढुवानी अनुदान | २०,००० | १०,००० | ५,००० |
| तर प्रति किलोवाट अधिकतम अनुदान रकम "क", "ख" र "ग" वर्गका गाविसहरुमा क्रमशः रु. ९०,०००; रु. ८०,००० र रु. ७०,००० भन्दा बढी हुने छैन । | | | |

## ८.२ सौर्य ऊर्जा

नेपालमा सौर्य ऊर्जा प्रविधि एक महत्वपूर्ण तथा धेरै प्रयोग गरिएको नवीकरणीय ऊर्जा प्रविधि हो । हाल नेपाल सरकारले साना घरेलु सौर्य प्रणाली, घरेलु सौर्य प्रणाली, संस्थागत सौर्य प्रणाली र सौर्य चूलो तथा सौर्य ड्रायर जस्ता सौर्य तापिय प्रणालीहरुको प्रवर्द्धन गर्दै आइरहेको छ । उक्त प्रणालीहरुमा देहाय वमोजिम अनुदान रकम उपलब्ध गराइनेछ ।

### ८.२.१ सौर्य विद्युत प्रणाली

८.२.१.१ घरेलु सौर्य विद्युत प्रणालीमा देहाय वमोजिमको अनुदान रकम उपलब्ध गराइनेछ ।

| अनुदान वर्गीकरण | अनुदान रकम (रु.मा) | | |
|---|---|---|---|
| | "क" वर्गका गाविसहरु | "ख" वर्गका गाविसहरु | "ग" वर्गका गाविसहरु |
| १० वाट पिक क्षमताका साना घरेलु सौर्य प्रणाली (प्रति घरधुरी प्रति प्रणाली) | ५,००० | ४,८०० | ४,५०० |
| २० वाट पिक देखि ५० वाट पिक क्षमता सम्मका घरेलु सौर्य प्रणाली (प्रति घरधुरी प्रति प्रणाली) | ७,००० | ६,२०० | ६,००० |
| ५० वाट पिक क्षमता भन्दा बढीका घरेलु सौर्य प्रणाली (प्रति घरधुरी प्रति प्रणाली) | १०,००० | ९,००० | ८,००० |

८.२.१.२ सार्वजनिक संस्थाहरु विशेषगरी ग्रामीण क्षेत्रका पाठशालामा कम्प्यूटर संचालन गर्न, स्वास्थ्य केन्द्रमा भ्याकसिन रेफ्रिजेरेटर संचालन गर्न सौर्य विद्युत प्रणालीमा अधिकतम रु. १० लाख भन्दा बढी नहुनेगरी कूल लागतको ७५ प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ । यदि धार्मिक स्थलहरुमा बत्ती बाल्न प्रयोग गरिने हो भने माथि उल्लेखित घरेलु सौर्य प्रणालीमा उपलब्ध गराइने अनुदान **वरावरको** रकम उपलब्ध गराइनेछ ।

८.२.१.३ विद्युत सेवा नपुगेका ग्रामीण क्षेत्रमा खानेपानीको लागि समुदायले व्यवस्थापन गर्ने सामुदायिक सौर्य विद्युत पम्पमा कूल लागतको अधिकतम रु. १५ लाख भन्दा बढी नहुनेगरी कूल लागतको ७५ प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ । एकल महिला, पिछडिएका वर्ग, विपत्ती पिडित, गरिव, द्वन्द्ववाट प्रभावित तथा सरकारले पहिचान गरेका लोपोन्मुख जनजाति आदिको हकमा प्रति लक्षित घरधुरी रु. २,५०० का दरले थप अनुदान रकम उपलब्ध गराइनेछ ।

८.२.१.४ सौर्य विद्युत प्रणालीमा प्रयोग हुने व्याट्री व्यवस्थापनको लागि मन्त्रालयले कार्यविधि वनाई लागू गर्नेछ ।

## ८.२.२ सौर्य तापिय प्रणाली

ग्रामीण क्षेत्रहरुमा खाद्य पर्दाथ पकाउन तथा सुकाउने प्रयोजनको लागि देहायका विभिन्न प्रकारका सौर्य तापिय प्रविधिहरुमा देहाय वमोजिमको अनुदान रकम उपलब्ध गराइनेछ ।

८.२.२.१ तोकिएका सौर्य चूलोमा प्रति चूलो प्रति घरधुरी अधिकतम रु. १०,००० भन्दा बढी नहुनेगरी कूल मूल्यको ५० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ ।

८.२.२.२ खाद्य पदार्थ सुकाउने प्रयोजनको लागि ३ देखि २० वर्ग फिट क्षेत्रफल सम्मका तोकिएका पारिवारिक सौर्य ड्रायरमा प्रति ड्रायर प्रति घरधुरी यसको मूल्यमा अधिकतम रु. १५,००० भन्दा बढी नहुनेगरी कूल मूल्यको अधिकतम ५० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ ।

८.२.२.३ खाद्य पर्दाथ सुकाउने क्षेत्रफल २० देखि ८५ वर्ग फिट सम्मका तोकिएका आय आर्जनको प्रयोजनको लागि व्यापारिक सौर्य ड्रायरमा प्रति ड्रायर अधिकतम रु. १ लाख भन्दा बढी नहुनेगरी कूल मूल्यको ५० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ ।

८.२.२.४ खाद्य पर्दाथ सुकाउने क्षेत्रफल ८५ वर्ग फिट भन्दा बढी क्षमताका तोकिएका आय आर्जन तथा रोजगारी सृजना गर्ने उद्देश्यको लागि ठूला संस्थागत तथा व्यापारिक सौर्य ड्रायरमा प्रति ड्रायर अधिकतम रु. १ लाख ५० हजार भन्दा बढी नहुनेगरी कूल मूल्यको अधिकतम **करिव** ५० प्रतिशत सम्म अनुदान रकम उपलव्ध गराइनेछ । यदि ५० प्रतिशत भन्दा बढी लक्षित उपभोक्ता एकल महिला, पिछडिएका वर्ग, विपत्ती पिडित, गरिव, द्वन्द्ववाट प्रभावित तथा सरकारले पहिचान गरेका लोपोन्मुख जनजाति भएमा माथि उल्लेखित अनुदान रकममा थप रु. २०,००० अनुदान रकम उपलव्ध गराइनेछ ।

## ८.३ वायोग्यास

बायोग्यासले स्वच्छ खाना पकाउने इन्धन आपूर्ति तथा विद्युतीय आवश्यकता पूरा गरी गरिबी न्यूनिकरणका साथै जलवायु परिवर्तनबाट हुने प्रभाव कम गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । बायोग्यासले इन्धनको रुपमा खपत हुने काठ-दाउराको खपतमा उल्लेखनिय कमी ल्याउन, जनस्वास्थ्य तथा सरसफाइमा सुधार गर्न तथा बालबालिकाहरुको शैक्षिकस्तर उकास्न सकारात्मक प्रभाव पार्ने हुंदा यसको सम्भावना प्रचुर रहेको छ । अनुदानको लागि घरायसी, सार्वजनिक संस्था, व्यवसायिक संस्थाहरु, समुदायहरुको ऊर्जाको आवश्यकता पूरा गर्न जि.जि.सि २०४७ मोडेल, सुधारिएको जि.जि.सि.२०४७ मोडेल तथा तोकिएका विभिन्न क्षमताका मोडेलहरु समेत योग्य हुनेछन् ।

### ८.३.१ घरायसी बायोग्यास प्लान्ट

८.३.१.१ गाई भैसीको गोवर मुख्य पदार्थको रुपमा प्रयोग गरी घरायसी प्रयोजनका लागि निर्माण गरिने २ देखि ८ घन मिटर सम्म क्षमताका बायोग्यास प्लान्टहरुमा प्रति प्लान्ट प्रति घरधुरीमा दिइने अनुदान देहाय वमोजिम हुनेछ ।

| भौगोलिक क्षेत्र | अनुदान रकम (रु.मा) | | | |
|---|---|---|---|---|
| | २ घन मिटर | ४ घन मिटर | ६ घन मिटर | ८ घन मिटर |
| नेपाल सरकारले तोकेका हिमाली क्षेत्रका जिल्लाहरु | २५,००० | ३०,००० | ३५,००० | ४०,००० |
| नेपाल सरकारले तोकेका पहाडी क्षेत्रका जिल्लाहरु | २०,००० | २५,००० | ३०,००० | ३५,००० |
| नेपाल सरकारले तोकेका तराई क्षेत्रका जिल्लाहरु | १६,००० | २०,००० | २४,००० | २५,००० |

८.३.१.२ यदि लक्षित घरपरिवार एकल महिला, पिछडिएका वर्ग, विपत्ती पिडित, गरिव, द्वन्द्ववाट प्रभावित तथा सरकारले पहिचान गरेका लोपोन्मुख जनजाति भएमा प्रति प्लान्ट प्रति घरधुरी देहाय वमोजिम थप अनुदान रकम उपलव्ध गराइनेछ ।

| भौगोलिक क्षेत्र | अनुदान रकम (रु.मा) | | |
|---|---|---|---|
| | २ घन मिटर | ४ घन मिटर | ६ घन मिटर |
| नेपाल सरकारले तोकेका हिमाली क्षेत्रका जिल्लाहरु | ३,००० | ३,५०० | ४,००० |
| नेपाल सरकारले तोकेका पहाडी क्षेत्रका जिल्लाहरु | २,००० | २,५०० | ३,००० |
| नेपाल सरकारले तोकेका तराई क्षेत्रका जिल्लाहरु | २,००० | २,५०० | ३,००० |

८.३.१.३ भान्छाबाट निस्कने फोहर तथा अन्य घरायसी जैविक वस्तुहरु अधिकतम प्रयोग गरी शहरी वातावरण सुधार गर्ने तथा आयातित इन्धनलाई प्रतिस्थापन गर्ने खालका शहरी क्षेत्रका घरपरिवारहरुका लागि निर्धारित डिजाइनको ४ घन मिटर वा सो भन्दा कम क्षमताका बायोग्यास प्लान्टहरुका लागि प्रति घरधुरी अधिकतम रु. १०,००० भन्दा बढी नहुनेगरी कूल लागतको अधिकतम ५० प्रतिशत सम्म अनुदान रकम उपलव्ध गराइनेछ ।

**८.३.२ ठूला क्षमताका बायोग्यास प्लान्टहरु**

८.३.२.१ विद्यालय, क्याम्पस, अस्पताल, प्रहरी र सैनिक व्यारेक, वृद्धाश्रम र धार्मिक क्षेत्र जस्ता सार्वजनिक संस्थाहरुवाट निस्कने जैविक वस्तुहरु तथा मानव मलमूत्र प्रयोग गरी १२ घनमिटर भन्दा बढी क्षमता अर्थात ठूला क्षमताका बायोग्यास प्लान्टहरु निर्माण गर्न सकिन्छ । सामुदायिक बायोग्यासले सामाजिक समावेशीकरण र उद्यम विकासलाई टेवा पुर्‍याउनुको साथै विभिन्न उत्पादनशिल कार्यमा बायोग्यासको प्रयोग हुन सक्ने सम्भावना रहेको हुँदा, त्यस्ता सामुदायिक बायोग्यास प्लान्टहरु निर्माण गर्न प्राथमिकता साथ अनुदान उपलव्ध गराइनेछ ।

८.३.२.२ बायोग्यास उत्पादनको राम्रो सम्भावना भएका ठूलो मात्रामा जैविक फोहोर निस्कने कुखुरा फार्म, गाई भैसी गोठ, पशुवधशाला, साना तथा घरेलु उद्योगहरु जस्ता निजी उद्यमका रुपमा रहेका सबै प्रकारका संस्थाहरुलाई व्यपारिक प्रतिष्ठानको रुपमा लिइएको छ । खेरजाने कुहिने जैविक पदार्थको मात्रा उच्च रहेका व्यवसायिक प्रतिष्ठानहरुमा बायोग्यास उत्पादनको सम्भावना उच्च रहेको छ । त्यसरी उत्पादन गरिने ऊर्जा आफै प्रयोग गर्ने वा अन्य नजिकका घरधुरीलाई वितरण गरिनेछ ।

८.३.२.३ फोहोरबाट ऊर्जा भन्नाले विद्युत वा तापीय इन्धन उत्पादन गर्ने कार्यलाई बुझाउँदछ । नगरपालिका वा नगरोन्मुख क्षेत्रहरुमा ठूलो मात्रामा उत्पादन हुने फोहरलाई प्रयोग गरी बायोग्यास प्लान्ट राखी ऊर्जा आपूर्ति गर्ने उद्देश्यले यस प्रकारको अवधारण ल्याइएको हो । फोहोरमैलावाट ऊर्जा उत्पादन गर्ने अवधारणले फोहोरको व्यवस्थापन र विद्युत उत्पादन गर्ने दुवै उद्देश्यलाई पूरा गर्दछ । यस अन्तर्गत बायोग्यास प्लान्टको लागि दिइने अनुदानको दर सम्बन्धित प्लान्टले प्रतिटन प्रतिदिन खपत गर्ने फोहोरमैलाको आधारमा गरिएको छ ।

| **बायोग्यास प्लान्ट** | **अनुदान रकम (रु.मा)** | |
|---|---|---|
| | तापीय प्रयोगका लागि प्रति घन मिटर (ठूला डाइजेष्टर क्षमता) | प्रति कि.वा. विद्युत शक्ति उत्पादनका लागि |
| व्यवसायिक वायोग्यास प्लान्ट | ४,००० | ६५,००० |
| सार्वजनिक निकायमा निर्माण गरिने बायोग्यास प्लाण्ट | ११,५०० | १,८५,००० |
| १२ घन मिटर भन्दा वढी क्षमताका सामुदायीक वायोग्यास प्लाण्ट | ९००० | १,५०,००० |
| नगरपालिका वा नगरोन्मुख क्षेत्रमा फोहोरबाट ऊर्जा उत्पादन प्रणाली | कूल लागतको ५० प्रतिशत भन्दा बढी नहुने गरी अधिकतम रु. ५०,००० प्रति घनमिटर | कूल लागतको ५० प्रतिशत भन्दा बढी नहुनेगरी अधिकतम रु. २५०,००० प्रति कि.वा. विद्युत उत्पादित |

## ८.४ जैविक ऊर्जा

नेपालमा जैविक ऊर्जा आधारभूत इन्धनको श्रोतको रुपमा रहेको छ । जैविक ऊर्जा प्रविधि अन्तर्गत विभिन्न प्रकारका माटोका तथा फलामे सुधारिएको चूलोको प्रयोगबाट किफायती रुपमा खाना पकाउने र कोठा तताउन सकिने हुँदा परम्परागत चूलोलाई प्रतिस्थापन गर्न सकिन्छ । यस्ता चूलोहरुको प्रयोगबाट इन्धन (दाउरा) को वचत हुने र भान्छामा हुने प्रदुषणमा कमी भई महिला तथा वालवालिकाको स्वास्थ्यमा सुधार ल्याउन सकिन्छ । त्यसैगरी ग्यासिफायरको प्रयोगबाट विद्युतीय तथा तापिय शक्ति उत्पादन गर्न सकिने हुँदा यसवाट कोइला, डिजेल आदि जस्ता आयतित खनिज इन्धन घटाउन तथा प्रतिस्थापना गर्न सकिने ठूलो सम्भावना रहेको छ । ग्रामीण तथा अर्ध शहरी क्षेत्रमा लघु, साना तथा मझौला उद्योगहरु संचालनको लागि जैविक ग्यासिफायरवाट उत्पादन भएको तापिय ऊर्जावाट स्थानीय कृषिजन्य पदार्थको प्रशोधनवाट उच्च गुणस्तरको पर्दाथहरु उत्पादन गर्न सकिन्छ । त्यसैगरी, विद्युत सेवा नपुगेका र अन्य माध्यमवाट विद्युतीकरण गर्न सम्भावना कम भएका साना तथा छरिएर रहेका समुदायहरुले जैविक ग्यासिफायरबाट विद्युत उत्पादन गर्न सक्दछन् । वायोविकेट र पिलेटलाई पनि दाउराको अभाव भएका तर पातपतिङ्गर आदि जैविक पदार्थ प्रर्याप्त मात्रामा उपलब्ध भएका स्थानहरुमा वैकल्पिक ऊर्जाको श्रोतको रुपमा प्रयोग गर्न सकिन्छ ।

निश्चित डिजाइनका जैविक ऊर्जा प्रविधि वा प्रणालीहरुमा देहाय वमोजिमको अनुदान रकम उपलव्ध गराइनेछ ।

८.४.१ घरायसी माटोको सुधारिएको चूलोको प्रवर्द्धनको लागि प्रत्यक्ष अनुदान उपलब्ध गराइने छैन । तर नेपाल सरकारले पहिचान गरेका एकल महिला, पिछडिएका वर्ग, विपत्ती पिडित, गरिव, द्वन्द्ववाट प्रभावित तथा लोपोन्मुख जातिका घरपरिवारलाई माटोको चूलो जडान गर्न स्थानीय निकायहरुलाई केही आर्थिक सहयोग उपलब्ध गराउन प्रोत्साहन गरिनेछ ।

८.४.२ दुई मुखे वा दुई मुखे भन्दा कमको घरायसी फलामे सुधारिएको चूलोलाई प्रति चूलो प्रति घरधुरी रु. ३,००० अनुदान रकम र तीन मुखे चूलोमा प्रति चूलो प्रति घरधुरी रु. ४,००० अनुदान रकम उपलव्ध गराइनेछ । तर त्यस्तो अनुदान रकम कूल मूल्यको ५० प्रतिशत भन्दा बढी हुने छैन ।

८.४.३ उच्च हिमाली तथा पहाडी क्षेत्रमा रहेको सार्वजनिक विद्यालय, सार्वजनिक अस्पताल/स्वास्थ्य केन्द्र, प्रहरी तथा सैनिक व्यारेक, धार्मिक स्थल तथा अनाथ आश्रमहरुमा खाना पकाउने र कोठा तताउने प्रयोजनका लागि फलामे सुधारिएको चूलोमा प्रति चूलो प्रति संस्था अधिकतम रु. २०,००० भन्दा बढी नहुनेगरी कूल मूल्यको ५० प्रतिशत सम्म अनुदान रकम उपलव्ध गराइनेछ ।

८.४.४ उच्च हिमाली तथा पहाडी क्षेत्रमा खाना पकाउने र कोठा ताताउने प्रयोजनका लागि किफायती दुई मुखे वा सो भन्दा कमका फलामे रकेट चूलोमा प्रति चूलो प्रति घरधुरी अधिकतम रु. २,००० भन्दा बढी नहुनेगरी कूल मूल्यको ५० प्रतिशत सम्म अनुदान रकम दिइने छ ।

८.४.५ ग्यासिफायर प्रविधिवाट तापिय ऊर्जा प्रयोग गरी लघु, साना र मझौला उद्यमहरुमा कृषि जन्य वस्तुको प्रशोधनको लागि फलामे ग्यासिफायरमा अधिकतम रु. १,५०,००० भन्दा बढी नहुनेगरी कूल मूल्यको ५० प्रतिशत सम्म अनुदान रकम उपलव्ध गराइनेछ ।

८.४.६ नेपाल सरकारले पहिचान गरेका एकल महिला, पिछडिएका वर्ग, विपत्ती पिडित, गरिव, द्वन्द्ववाट प्रभावित तथा लोपोन्मुख जातिका घरपरिवारलाई फलामको सुधारिएको चूलो जडान गर्न प्रति चूलो प्रति घरधुरी थप रु. १,००० अनुदान रकम उपलव्ध गराइनेछ ।

८.४.७ जैविक ऊर्जाबाट विद्युत उत्पादन गर्ने प्रयोजनको लागि जैविक विद्युत प्लान्टका लागि अधिकतम रु. २००,००० प्रति कि.वा. उत्पादित भन्दा बढी नहुनेगरी ५० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ ।

## ८.५ वायु ऊर्जा

वायु ऊर्जालाई यान्त्रिक शक्ति तथा विद्युत उत्पादन गर्ने प्रयोजनको लागि प्रयोग गर्न सकिन्छ । देशका केही स्थानहरुमा वायु ऊर्जावाट विद्युत उत्पादन गर्न सकिने राम्रो सम्भावना रहेको छ । वायुको गति उच्च तथा एकैनास भएको स्थानहरुमा वायु ऊर्जाको विकास गरी अन्य माध्यमवाट विद्युत उपलब्ध नभएका स्थानहरुमा विद्युत सेवा उपलब्ध गराउन आवश्यक देखिन्छ ।

८.५.१ वायु ऊर्जावाट मात्र वा सौर्य–वायु ऊर्जा मिश्रित प्रणालीवाट विद्युत उत्पादन गर्न देहाय वमोजिमको अनुदान रकम उपलब्ध गराइनेछ ।

| वायु टर्वाइन | अनुदान वर्गिकरण | अनुदान रकम (रु. मा) | | |
|---|---|---|---|---|
| | | "क" वर्गका गाविसहरु | "ख" वर्गका गाविसहरु | "ग" वर्गका गाविसहरु |
| १० कि.वा. भन्दा कम | प्रति घरधुरी | २०,००० | १८,००० | १६,००० |
| | प्रति कि.वा. | १५०,००० | १२५,००० | १००,००० |
| १० देखि १०० कि.वा. सम्म | प्रति घरधुरी | २०,००० | १८,००० | १५,००० |
| | प्रति कि.वा. | १७५,००० | १५०,००० | १२५,००० |
| तर प्रति घरधुरी समेत प्रति कि.वा.अनुदान रकम कूल लागतको ५० प्रतिशत भन्दा बढी हुनेछैन् । | | | | |

## ८.६ उत्पादनमुलक उर्जा प्रयोग

ऊर्जाको उत्पादनमुलक परिप्रयोगले नवीकरणीय ऊर्जा स्रोत तथा प्रविधिलाई लघु, साना तथा मझौला उद्यम व्यवसायहरुमा प्रयोग गरी त्यसवाट आर्थिक लाभ उठाउन योग्य वनाउनेछ । नवीकरणीय ऊर्जा परियोजनाहरुलाई दिगो बनाउन तथा ग्रामीण जनताहरुको जीवनस्तरमा सुधार ल्याउन नवीकरणीय ऊर्जा प्रविधिहरुमा आधारित ऊर्जाको उत्पादनमुलक परिप्रयोगसँग सम्वन्धित उद्योग व्यवसायहरुलाई देहाय वमोजिमको अनुदान उपलव्ध गराइनेछ । नवीकरणीय ऊर्जा स्रोतबाट उत्पादित ऊर्जाको प्रयोग गरी उपयोग्यमुलक वस्तु र सेवाहरु उत्पादन गर्नुका साथै रोजगारी तथा आयआर्जन गर्ने व्यवसायहरुलाई मात्र अनुदानको लागि योग्य मानिनेछ ।

८.६.१ राष्ट्रिय प्रसारण लाइनमा नजोडिएका लघु तथा साना जलविद्युतमा आधारित व्यवसायहरुलाई निजी व्यवसायको हकमा ऊर्जा परिवर्तन र प्रशोधन उपकरण तथा व्यवसायको हार्डवेयर अंशमा अधिकतम रु. १००,००० भन्दा बढी नहुनेगरी कूल लागतको ३० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ भने, सामुदायिक व्यवसायको हकमा अधिकतम रु. ३००,००० भन्दा बढी नहुनेगरी कूल लागतको ५० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ ।

८.६.२ लघु तथा साना जलविद्युत बाहेक विद्युतिय तथा तापिय ऊर्जा प्राप्त हुने अन्य नवीकरणीय ऊर्जामा आधारित व्यवसायको ऊर्जाको परिर्वतन र प्रशोधन उपकरण तथा व्यवसायको हार्डवेयर अंशमा अधिकतम रु. १००,००० भन्दा बढी नहुनेगरी कूल लागतको ३० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ ।

८.६.३ नेपाल सरकारले पहिचान गरेका एकल महिला, पिछडिएका वर्ग, विपत्ती पिडित, गरिव, द्वन्द्ववाट प्रभावित तथा लोपोन्मुख जातिका घरपरिवारद्धारा सञ्चालित व्यवसायको लागि अधिकतम रु. १०,००० भन्दा बढी नहुनेगरी १० प्रतिशत सम्म थप अनुदान रकम उपलव्ध गराइनेछ ।

## ९. अनुदान परिचालन कार्यविधि तथा अन्य प्रावधान

नवीकरणीय ऊर्जा प्रणालीको उपयोगको लागि अनुदानको अतिरिक्त सरल कर्जाको सुविधाको पहुँचले प्रयोगकर्तामा ठूलो प्रभाव पार्दछ । नवीकरणीय ऊर्जामा लगानीको लागि ग्रामीण क्षेत्रमा कर्जाको पहुँचमा बृद्धि गर्ने धेरै प्रयासहरु भए पनि प्रयाप्त देखिदैन । दीर्घकालिन रुपमा अनुदानलाई कर्जाले प्रतिस्थापन गर्ने अपेक्षा गरिएको र यो नै दिगो रुपमा नवीकरणीय ऊर्जाका सेवा विस्तार गर्ने उपयुक्त विकल्प हुन सक्दछ ।

नेपाल सरकारले नवीकरणीय ऊर्जा क्षेत्रमा लगानी वढाउनको लागि कम ब्याजदरमा सरल तरीकाले ग्रामीण क्षेत्रले धान्न सक्ने दीर्घकालिन कर्जा उपलब्ध गराउन प्रतिवद्धता जाहेर गरेको छ । नवीकरणीय ऊर्जामा वित्तीय संस्थाहरुलाई लगानी बढाउन प्रोत्साहन गर्न संस्थागत कर्जा प्रवाह प्रणालीको माध्यमबाट केन्द्रिय नवीकरणीय ऊर्जा कोष अन्तर्गत कर्जा प्रवाह तथा कर्जाको प्रत्याभूति उपलब्ध गराउनुपर्ने हुन्छ ।

९.१ माथि उल्लेखित विभिन्न नवीकरणीय ऊर्जा प्रविधि वा प्रणालीमा सरल, प्रभावकारी तथा पारदर्शि तरिकाले अनुदान परिचालन गर्न यस सम्बन्धी नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधिलाई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले तयार गरी मन्त्रालयले स्वीकृत गरी लागू गरिनेछ । उक्त अनुदान परिचालन कार्यविधिमा विभिन्न नवीकरणीय ऊर्जा आयोजना तथा प्रणालीहरुको विस्तृत संभाव्यता अध्ययनको लागि उपलब्ध गराइने आर्थिक सहायताको अतिरिक्त प्राविधिक मापदण्ड तथा डिजाइन, अनुगमन तथा मूल्यांकन र दण्ड जरिवाना, आदि समेतको व्यवस्था गरिनेछ ।

९.२ अनुदानको अतिरिक्त विभिन्न नवीकरणीय ऊर्जा प्रविधि वा प्रणालीहरुको लागि वित्तीय संस्थाहरु मार्फत सरल कर्जाको समेत व्यवस्था गरिनेछ ।

९.३ विभिन्न नवीकरणीय ऊर्जा प्रविधि वा प्रणालीको लागि माथि उल्लेखित अनुदान रकम वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र मार्फत वा अनुदान परिचालन कार्यविधिमा उल्लेख भए अनुरुप परिचालन गरिनेछ ।

९.४ मान्यता प्राप्त निजी कम्पनीहरु मार्फत आपूर्ति र जडान गरिएका नवीकरणीय ऊर्जा प्रविधि वा प्रणालीमा ग्रामीण घरपरिवार वा समुदायलाई अनुदान उपलब्ध गराइने हुँदा त्यस्तो अनुदान रकम भुक्तानीमा कुनै पनि कर लाग्ने छैन । तर अनुदान बाहेकको रकम उपभोक्ताले आफैले व्यहोर्नुपर्ने हुँदा प्रचलित कानून बमोजिम त्यस्तो रकममा कर लाग्नेछ ।

९.५ अनुसूचीमा उल्लेखित जिल्ला तथा गाविसहरु नेपाल सरकाले हेरफेर गरेको अवस्थामा सोही अनुसार हुनेछ ।

९.६ आवश्यकता अनुसार वा प्रत्येक २ बर्षमा माथि उल्लेखित अनुदानको दरलाई पुनरावलोकन गरिनेछ ।

## १०. खारेजी

नवीकरणीय (ग्रामीण) ऊर्जा अनुदान व्यवस्था, २०६६ र लघु तथा साना जलविद्युत आयोजनाको लागि थप आर्थिक सहयोग सम्बन्धी परिचालन कार्यविधि २०६७ खारेज गरिएका छन् ।

## ११. अनुसूचीहरु

अनुसूची - १

| सि.नं | जिल्लाहरु | "क" वर्गमा पर्ने गाविसहरु | "ख" वर्गमा पर्ने गाविसहरु | "ग" वर्गमा पर्ने गाविसहरु |
|---|---|---|---|---|
| १. | सोलुखुम्बु | खुम्जुङ्ग, नाम्चे, चौरीखर्क, जुविङ्ग, छेस्काम, वुङ्ग, गुदेल, वाकु, सोताङ्ग | केरुङ्ग, तापटिङ्ग, मावे, चौलाखर्क, गोली, टाकासिन्धु, वेनी, लोदिङ्ग तामाखानी, सल्लेरी, काकु, बासा, जुवु, पानचन, काँगेल, मुकाली, देउसा, गार्मा, नेचावेदघारी, नेचावतासे, सल्यान, तिङ्गला, भकान्जे, लोखिम, गोराखानी, नेले | यसमा उल्लेखित जिल्लाहरुका **"क"** र **"ख"** वर्गमा नपरेका अन्य गाविसहरु र बाँकी जिल्लाहरुका सम्पूर्ण गाविसहरु |
| २. | मनाङ्ग | ध्यारु, पिसाङ्ग, भ्रका, खाङ्गसार, मनाङ्ग, तांकीमनाङ्ग, नार, फू | थोचे, धारापानी, चामे, वगरचाप | |
| ३. | मुस्ताङ | धामी, चराङ, लोमानथाङ, छोण्ड्प, छोसेर, सुरखाङ | कागवेनी, छुसाङ, मुक्तिनाथ, लेते, मार्फा, कुन्जो, भ्फोङ, कोवाङ, टुकुचे, जोमसोम | |
| ४. | रुकुम | सम्पूर्ण गा.वि.स.हरु | – | |
| ५. | डोल्पा | सम्पूर्ण गा.वि.स.हरु | – | |
| ६. | मुगु | सम्पूर्ण गा.वि.स.हरु | – | |
| ७. | हुम्ला | सम्पूर्ण गा.वि.स.हरु | – | |
| ८. | जुम्ला | सम्पूर्ण गा.वि.स.हरु | – | |
| ९. | कालीकोट | सम्पूर्ण गा.वि.स.हरु | – | |
| १०. | ताप्लेजुङ्ग | ओलाङ्गचुंगोला, पापुङ्ग, याम्फुदिन, लेलेप | इखावु, थापेथोक | |
| ११. | संखुवासभा | पावाखोला, हटिया, चेपुवा, नुम, किमाथान्का, सिसुवा, वाला, मकालु, माङ्गतेवा, याफु, ताम्फु, पाथीभारा, | दिदिङ्ग | |
| १२. | दोलखा | विगु, आलम्पु, गौरीशंकर, लामाबगर | खारे, मार्वु, ओराङ्ग, चिलंखा | |
| १३. | रसुवा | थुमन, टिमुरे, लाङ्गटाङ्ग, चिलिमे | वृदिम, हाकु, गतलाङ्ग, गोलजुङ्ग | |
| १४. | गोरखा | ल्हो, सामागाउ, प्रोक, विही, चुनचेत, चेकम्पार | सिर्दिवास, उइया, केरौजा, काशीगाउं, मान्वु, लाप्राक, गुम्दा, लापु | |
| १५. | रोल्पा | सम्पूर्ण गा.वि.स.हरु | – | |
| १६. | अछाम | सम्पूर्ण गा.वि.स.हरु | – | |
| १७. | सिन्धुपाल्चोक | गुम्बा, फुलपिङ्गकटी, तातोपानी | – | |
| १८. | धादिङ्ग | लापा, तिप्लिङ्ग, सिरटुङ्ग | – | |
| १९. | जाजरकोट | सम्पूर्ण गा.वि.स.हरु | – | |
| २०. | दैलेख | सम्पूर्ण गा.वि.स.हरु | – | |
| २१. | बाजुरा | सम्पूर्ण गा.वि.स.हरु | – | |
| २२. | बझाङ | सम्पूर्ण गा.वि.स.हरु | – | |
| २३. | दार्चुला | सम्पूर्ण गा.वि.स.हरु | – | |